प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रौतहट

फोन नं. ०५५-५४०२१०

पत्र संख्याः- २०७८/०७९
चलानी नं.:- ६५८

मिति :- २०७८/०९/०१

विषय :- जाहेरी सम्बन्धमा ।

श्री प्रदेश वन निर्देशनालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा ।

उपरोक्त सम्बन्धमा यस डिभिजन वन कार्यालय र अन्तर्गतका सब-डिभिजन वन कार्यालयबाट मिति २०७८/०८/०१ गते देखि मिति २०७८/०८/२९ गते सम्मको प्राप्त जाहेरी विवरण खुलाई पठाईएको व्यहोरा सादर अनुरोध छ ।

विवरण

१. वन पैदावार चोरी निकासीको अवस्था :

- मिति २०७८/६/२५ गतेका दिन बिहान ६:०० बजेको समयमा पौराई सब डि.व.का.अन्तर्गतको बाग्मती पोष्टबाट खटिएको वन गस्ती टोलीले वनजंगल टुरगस्तीको क्रममा पुर्व : सिन्धुली जाने ग्राभेल बाटो, पश्चिम : बाग्मती खोला, उत्तर : झोलुङगे पुल र दक्षिण : फनपार्क यति चार किल्ला भित्र पर्ने बाग्मती खोला पुर्वपटी खोलाको किनारमा सरकारी वन जंगलबाट अनियमित तवरबाट चोरी गरी ल्याई लुकाई छिपाई राखेको अबस्थामा साल गोलिया थान ९, कु.काठ थान ५, सिसौ थान २ समेत गरी जम्मा थान १६ बरामद गरी घटनास्थल बरामदी मुचुल्का पाना थान-२ जिम्मा जमानी भर्पाई पाना थान-१ यसै प्रतिवेदन साथ संलग्न राखी आवश्यक कारवाहीको लागी यो प्रतिवेदन पेश गरेको छु भनी फरेष्टर श्री विमल प्रसाद चौधरीको प्रतिवेदन प्राप्त हुन आएकाले जाँचबुझ तथा अनुसन्धानको लागी स.व.अ.श्री सुरेश प्रसाद महतोलाई खटाईएको ।
- मिति २०७८/७/२४ गते दिउसो १:०० बजेको समयमा गैडाटार सब डि.व.का. रौतहटका वन कर्मचारीहरु टुरगस्ती गर्दै जाँदा पुर्व : Hot Spot, पश्चिम : ट्रक लिको बाटो, उत्तर : तिलेश्वरनाथ सा.व.उ.स.को वन , दक्षिण : रैया निकासको बाटो यति चार किल्ला भित्र राष्ट्रिय वनमा रात विरातको समयमा केही अज्ञात काठ चोर तस्करहरुले साल जातको गोलिया थान ८ टुनटुक्रा बनाई तयार पारी राष्ट्रिय वनमा नै राखेको अबस्थामा साल जातको गोलिया थान ८ को ६५.७० क्यू.फिट काठ बरामद गरी शसस्त्र वन सुरक्षा शाखा, चपुरको कम्पाउण्ड बाहिर जि.व.पै.आ.स.को घाटगद्दीमा ल्याई सुरक्षित साथ राखी उक्त काठ को कस्ले कहाँका व्यक्तिले काटेका हुन खोजतलाश गरी वन ऐन २०७६ को कानुन बमोजिम कार्यवाही गरी पाउँन बरामदी मुचुल्का पाना थान- २ तथा भर्पाई पाना थान-१ यसै प्रतिवेदन साथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ भनी अधिकृत श्री अशोक कुमार साहको प्रतिवेदन प्राप्त हुन आएकाले उक्त घटनाको जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज अधिकृतलाई नै खटाईएको ।
- मिति २०७८/७/२९ गतेको दिन ४:३० बजेको समयमा विशेष सुराकीको आधारमा वन कर्मचारी तथा शसस्त्र प्रहरी वेस क्याम्प सन्तपुर, रौतहटका शसस्त्र प्रहरी कर्मचारीहरुको गस्ती टोलीले गस्ती गर्दै जाँदा पुर्व : आँप मसलाको बगैचा, पश्चिम : सुरेन्द्र पटेलको घर, उत्तर : ग्राभेल बाटो र दक्षिण : आवादी खेत यति चार किल्ला भित्र जि.रौ.वृन्दावन न.पा.-६ साविक सखुअवा धमौरा-७) स्थित प्रवेज आलम सः मिलमा चेकजाँच गर्दा नम्वर प्लेट नभएको डाँफे टेम्पो थान-२ मा साल गोलिया थान ११ को १७.८३ क्यू.फिट काठ ओसार पसार गरी ल्याई प्रवेज आलम सः मिलमा अनलोड गरी रहेको